## विशेष सामुदायिक वन उपभोक्ता समुह, वैतेश्वर-६, दोलखाको
## गोलिया काठ लिलाम विक्रिको सुचना

प्रथम पटक सुचना प्रकाशन मितिः २०८२।०३।०६

प्रस्तुत विषयमा, यस विशेष सामुदायिक वन उपभोक्ता समुह वैतेश्वर ६ को स्विकृत थिनिङ योजना अनुशार नियमानुसार आ.व. २०८१/०८२ मा संकलन गरी च्यानडाँडा क्षेत्रमा घाटगद्दी गरी राखेको तपशिल बमोजिमको लटहरुमा विभाजित निम्न परिमाणको गोलिया काठ जे, जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को दफा १२८ बमोजिम सुचिकृत भएका इच्छुक काठ दाउरामा आधारित उद्योगले यो सुचना दीक्षण राष्ट्रिय दैनिकमा पहिलो पटक प्रकाशित भएको मितिले हुने २१ औं दिन (मिति २०८२/०३/२६ गते) कार्यालय समय भित्र तपशिलको स्थानहरुवाट शिलवन्दी बोलपत्र खरिद गरि २२ औं दिन (मिति २०८२/०३/२७ गते) तोकिएको समय भित्र सिलवन्दी बोलपत्र दाखिला गर्नुहुन आह्वान गरिन्छ ।

<u>तपशिल</u>

१. वन पैदावरको विवरणः

| | | | | वन पैदावारको विवरण | | | | संकलन | |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | किसिम | जात | ग्रेड | थान | परिमाण क्युफिट | प्रति इकाई न्युनतम रु | न्युनतम रु | खर्च रु. | कैफियत |
| १ | गोलिया | खोटे सल्ला | वल्लावल्ली | १९९४ | ३२०९.७४ | १२५ | ४०१२१७.५० | ७० | |
| २ | गोलिया | खोटे सल्ला | वल्लावल्ली | २३५४ | ३९३७.८९ | १२५ | ४९२२३६.२५ | | |
| ३ | गोलिया | खोटे सल्ला | बी | ६१९ | २३७६.७६ | १५० | ३५६५१४.०० | | |
| ४ | गोलिया | पाटे सल्ला | बी | ९१७ | १९२०.२० | १०० | १९२०२०.०० | | |
| ५ | गोलिया | उत्तिस | बी | ३८५ | ६९२.०० | १५० | १०३८००.०० | | |
| | | | जम्मा | ६२६९ | १२१३६.५९ | | १५४५७८७.७५ | | |

२. बोलपत्र खरिद र दाखिला गर्ने अन्तीम मिति, समयः

क) खरिद गर्ने अन्तीम मिति र समयः २०८२/०३/२६ गते (२१ औं दिन) कार्यालय समय भित्र ।

ख) दाखिला गर्ने अन्तीम मितिः २०८२/०३/२७ गते (२२ औं दिन)

ग) दाखिला गर्ने अन्तिम समयः अपरान्ह १२ बजे ।

घ) बोलपत्र दाखिला गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट अपरान्ह १२ बजे भित्र बोलपत्र दाखिला गरिसक्नुपर्नेछ ।

३. प्रति लटको रु. १०००।- पछि फिर्ता नहुने गरि तिरी उक्त लिलामको बोलपत्र फारम यस विशेष सा.व.उ.समुहको कार्यालयवाट र डिभिजनल वन कार्यालय दोलखाबाट खरिद गर्न सकिनेछ तर दाखिला भने यस समुहको कार्यालयमा मात्र गर्न सकिन्छ ।

साथै कवोल गरेको रकमको १०% ले हुन आउने रकम यस विशेष सामुदायिक वन सा.व.उ.समुहको नेपाल बैंक लिमिटेड चरिकोट शाखामा रहेको खाता नं. १३०००१००६३१०२९००००१ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्नेछ ।

४. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयभित्र विशेष सामुदायिक वनको च्याँनडाँडा स्थित घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ । काठ जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम विक्रि गरिनेछ ।

५. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपराइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८०।०८१ को कर चुक्ताको प्रमाणपत्र र भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र उद्योग रहेको सम्वन्धित डिभिजन वन कार्यालयको उद्योगको सुचिदर्ताको प्रमाणपत्रको प्रतिलिपी वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

६. निर्धारित न्युनतम संख्या र रितपुर्वक पर्न आएका बोलपत्रहरु २२ औं दिन (मिति २०८२/०३/२७ गते) अपरान्ह ३:०० बजे साक्षिहरुको रोहवरमा खोलीनेछ । सो दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदाको भोलिपल्ट सोहि समयमा खोलिनेछ ।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर, संकलन खर्च, प्रदेश स्थानीय सेवा शुल्क समेतको रकम सम्बन्धित खातामा जम्मा गरी भौंचर पेश गरी सक्नुपर्नेछ र लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

८. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। शर्त राखिएका वोलपत्रहरु स्वीकृत गरिनेछैन ।

९. वोलपत्र मान्य नहुने अवस्थाहरु

- खाम सिलवन्दी नभै प्राप्त हुन आएको वोलपत्र ।
- सम्बन्धित वन समुहको छाप लागी प्रमाणित नभएको वा फोटोकपी गरि पेश गरिएको वोलपत्र ।
- वोलपत्र खरिद गर्नेको नामबाट पेश नगरी अन्यको नामबाट पेश गरिएको वोलपत्र ।
- वोलपत्रदाताको हस्ताक्षर (फर्म, कम्पनी, उद्योगको हकमा छाप समेत) नभएको बोलपत्र ।
- सकार अंकको १० प्रतिशत धरौटी बापतको रकमको बैंक भौचर समावेश नभएको वोलपत्र वा ६ महिना घटीको बैंक ग्यारेण्टी धरौटिको रुपमा पेश भएको बोलपत्र।
- वोलपत्र आव्हानको सुचनामा तोकिएका अन्य सर्तहरु पुरा नभएको ।

१०. वन पैदावर चोरी तस्करीमा अभियोग लागेको वा सजाय पाएको व्यक्ति, फर्म वा कम्पनी वा उद्योगले बोलपत्रको प्रतिस्पर्धामा भाग लिन पाउने छैनन् ।

११. वोलपत्र सम्बन्धी कुनै वादविवाद भएमा यस विशेष सामुदायिक वन उपभोक्ता समुहले गरेको निर्णय अन्तिम हुनेछ । कुनै उजुरबाजुर लाग्ने छैन ।

१२. वोलपत्र सदर वा वदर गर्ने सम्पुर्ण अधिकार यस विशेष सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ । थप जानकारीको लागी फोन नं. ९८४४२३५५३० र ९८४४३७४५०६ मा सम्पर्क गर्न सक्नुहुनेछ ।